महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

मितिः २०७८/१०/०३

# प्रेस व्यक्तव्य

यस महालक्ष्मी नगरपालिकाका नगर प्रमुख श्री रामेश्वर श्रेष्ठज्यू र नगर उपप्रमुख श्री निर्मला थापाज्यू कोभिड-१९ बाट सङ्क्रमित हुनु भएको छ। नगर प्रमुखज्यू यसअघि पनि कोभिड-१९ बाट सङ्क्रमित भई लामो समयको उपचार पछि सङ्क्रमणमुक्त हुनुभएको थियो। यस पटक पनि उहाँको स्वास्थ्यमा समस्या देखिएपछि हाल किष्ट मेडिकल कलेजमा भर्ना भई उपचाररत रहनु भएको छ। उपप्रमुखज्यू आफ्नै निजी निवासमा आइसोलेसनमा रही स्वास्थ्यलाभ गरिरहनु भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउदछौँ।

त्यसैगरी कार्यालयका कर्मचारीहरू इन्जिनियर मनिष सुवेदी, रोजगार शाखा प्रमुख अनिष महर्जन, सव इन्जिनियर आशिष पन्त, लुभु प्रा.स्वा.के. का डा. नारायण कडेल, डा. रोजी थपलिया, जनस्वास्थ्य निरीक्षक टेकराज ओझा र ल्याब टेक्निसियन निरीक्षक रीतादेवी भट्ट पाठकलाई कोभिड सङ्क्रमण भएको जानकारी प्राप्त भएको छ भने अन्य कर्मचारीहरूमा समेत कोभिड-१९ को लक्षण देखिएको छ।

पछिल्लो समय कोभिड-१९ को सङ्क्रमण दिनानुदिन बढ्दो देखिएको छ तसर्थ नगरपालिकाको कार्यालयमा सेवा लिन आउनुहुने सेवाग्राहीहरूलाई कोभिड-१९ बाट जोगिन पर्याप्त स्वास्थ्य सावधानी अपनाउन र जनस्वास्थ्यका मापदण्डका पूर्ण परिपालना गर्न हार्दिक अपिल गर्दछौँ।

नगरप्रमुखज्यू, उपप्रमुखज्यूसहित नगरपालिकाका कर्मचारीहरूमा कोभिड-१९ को सङ्क्रमण भएको अवस्थामा आदरणीय नगरवासी दाजुभाइ दिदीबहिनीसहित समस्त सेवाग्राहीहरूमा पर्न सक्ने प्रभाव प्रति नगरपालिकाको कार्यालय सचेत रहेको छ। यथासम्भव कर्मचारीको व्यवस्थापन मिलाई सेवा प्रवाहलाई नियमित बनाउन अधिकतम प्रयास गरिने छ। यसका बाबजुद नगरपालिकाको सेवा प्रवाहमा पर्न जाने प्रभाव प्रति सम्पूर्ण नगरवासीबाट सकारात्मक सहयोगको अपेक्षा गर्दछौँ।

नगर प्रमुखज्यू र नगर उपप्रमुखज्यूसहित सङ्क्रमित कर्मचारीहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौँ। उहाँहरू सङ्क्रमणमुक्त हुनासाथ नगरवासीको सेवामा पुनः सक्रिय रहनु नै हुनेछ। कोभिड-१९ को सङ्क्रमणको बाबजुद सङ्क्रमण अवधिभर समेत नगरप्रमुखज्यू र उपप्रमुखज्यू नगरवासीको सेवामा वैकल्पिक माध्यमबाट जोडिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत